# मिति २०७४/१२/०५ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

## निर्णय नं १

गाउँसभाबाट पारित आ व २०७४।७५ बजेट तथा कार्यक्रमलाई एकिकृत आर्थिक संकेत तथा वर्गीकरण तथा ब्याख्या २०७४ अनुरुप परिमार्जन गर्नुपर्ने भएकोले र यस आ व मा स्कीकृत कार्यक्रम तथा योजनालाई आवश्यकता र औचित्यको आधारमा परिमार्जन गर्नुपर्ने भएकोले सोही अनुरुप गाउँसभामा प्रस्ताव लग्ने निर्णय गरियो।

## निर्णय नं २

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिगदर्शन, २०७४ (परिमार्जित) बमोजिम तपसिलको गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको गठन गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| श्री पुष्पा कुमारी बोहरा (उपाध्यक्ष) | संयोजक |
| श्री हरिजंग चन्द (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| श्री मानबहादुर दमाई (कार्यपालिका सदस्य) | सदस्य |
| श्री लक्ष्मी सार्की (कार्यपालिका सदस्य) | सदस्य |
| श्री विमला खत्री (योजना शाखा प्रमुख) | सदस्य |

## निर्णय नं ३

यस गाउँपालिका जवाफदेहितालाई अभिवृद्धि गरि सुशासन कायम गर्न तपसिल बमोजिमको सुशासन प्रवर्धन समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| श्री चित्र बहादुर चलाउने (अध्यक्ष) | संयोजक |
| श्री पुष्पा कुमारी बोहरा (उपाध्यक्ष) | सदस्य |
| श्री राम बहादुर बस्नेत (वडा अध्यक्ष) | सदस्य |
| श्री रुद्र बहादुर बुढाथोकी (वडा अध्यक्ष/सामाजिक समिति संयोजक) | सदस्य |
| श्री शालिकराम बुढाथोकी (वडा अध्यक्ष) | सदस्य |
| श्री दिनेश कुमार वि एम (वडा अध्यक्ष) | सदस्य |
| श्री नन्दलाल बोहरा (वडा अध्यक्ष) | सदस्य |
| श्री खुमा सुनार (कार्यपालिका सदस्य) | सदस्य |
| श्री हुमलाल सुनार (उद्योग बाणिज्य संघ प्रतिनिधि) | सदस्य |
| श्री लोक बहादुर वि क (नागरिक समाज प्रतिनिधि वडा नं ४) | सदस्य |
| श्री प्रेम कुमारी बुढाथोकी (नागरिक समाज प्रतिनिधि वडा नं १) | सदस्य |

**निर्णय नं ४**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०७४।११।२० च नं ४७ पत्रानुसार मिति २०७४।१२।१७ देखि २०७४।१२।१९ सम्म हुने राष्ट्रिय महाधिवेशनमा यस गाउँपालिकाबाट अध्यक्ष र उपाध्यक्षलाई सहभागीका रुपमा पठाउने र निजहरु सहभागी हुने क्रममा लाग्ने यातायात तथा खाना र होटेल बासको खर्चको ब्यवस्था गाउँपालिकाले गर्ने र गाउँपालिका महासंघको सदस्यता शुल्क रु २०,०००।' र प्रवेश सुल्क रु ५,०००।' खर्च गाउँपालिकाले ब्यहोर्ने निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं ५ मा छलफल गर्दा तपसिलका ऐन कानुन तथा कार्यविधि स्वीकृत गरि गाउँसभामा प्रस्ताव लग्ने निर्णय गरियो।

१ सिद्ध कुमाख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

२ सिद्ध कुमाख गाउँपालिका न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४

३ ढोरचौर गाउँपालिकाको सहकारी ऐन, २०७४

४ सिद्ध कुमाख गाउँपालिका शिक्षा ऐन, २०७४

**निर्णय नं ६**

प्रस्ताव नं ६ मा छलफल गर्दा वडा कार्यालयहरुको दैनिक कामकाजको सिलसिलामा वडाअध्यक्षले निजी फोनको प्रयोग गर्नुपर्ने भएकोले वडा अध्यक्षहरुलाई मासिक रु १५००।' (नगदमा) संचार सुविधा दिने निर्णय गरियो।

**निर्णय नं ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा आ व २०७४।७५ को स्वीकृत योजनाहरु विद्यालय व्यवस्थान समितिबाट कार्यान्यन गर्दा छुट्टै खाता नखोली विद्यालयको खातामा रकम पठाउन सकिने छ।तर त्यस्तो खाता जनप्रतिनिधि नाउमा संचालन हुनेरहेछ भने प्रतिनिधि बाहेकको छुटै खाता खोल्नु पर्ने निर्माण गरियो।